# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# Financial Inclusion विषयक सार्कफाइनान्स भर्चुअल सेमिनार सम्पन्न ।

नेपाल राष्ट्र बैंकद्वारा २०७७ मङ्सिर १७ गते "SAARCFINANCE Webinar on Financial Inclusion" विषयक एक दिने भर्चुअल सेमिनार आयोजना गरियो । उक्त कार्यक्रममा सार्क राष्ट्रका केन्द्रीय बैंकका ४० जनाको सहभागिता रहेको थियो ।



कार्यक्रमको उद्घाटन सत्रमा स्वागत मन्तव्य राख्नुहुँदै गभर्नर महाप्रसाद अधिकारीले गरिबी न्यूनीकरणमार्फत दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्न वित्तीय समावेशीकरण अपरिहार्य रहेको बताउनुभयो । दक्षिण एसियाली राष्ट्र अहिले पनि गरिबीको चपेटामा रहिरहेको उल्लेख गर्दै उहाँले बदलिँदो परिस्थितिमा उद्यम व्यवसाय सञ्चालन गर्न कठिनाइ रहेको र यसका लागि विभिन्न नीतिगत परिवर्तनमार्फत सम्बोधन गरिएको स्पष्ट पार्नुभएको थियो । कार्यक्रमलाई सार्क सचिवालयका महासचिव H.E. Mr. Esala Ruwan Weerakoon ले आफ्नो सम्बोधनमा सन् २००७ देखि नै सार्कमा वित्तीय समावेशीकरणको एजेण्डा प्रवेश भएको उल्लेख गर्दै सो क्षेत्रको वित्तीय समावेशीताको अवस्थाबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा Keynote speech प्रस्तुत गर्दै बंगलादेश बैंक का गभर्नर Mr. Fazle Kabir ले बंगलादेशको वित्तीय समावेशीकरणको इतिहास एवम् वर्तमान अवस्था तथा दक्षिण एसिया क्षेत्रमा वित्तीय समावेशीताका चुनौतीहरूबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमको पहिलो व्यावसायिक सत्र Royal Monetary Authority of Bhutan का Financial Inclusion Secretariat प्रमुख Nangsi Dema को अध्यक्षतामा सम्पन्न भएको थियो भने सो सत्रमा Alliance for Financial Inclusion (AFI) का Head of Policy Analysis Mr. Robin Newnham ले Financial Inclusion in the new normal (COVID 19) विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यपत्रमाथि Da Afghansitan Bank का Mr. Matiullah Stanikzai, State Bank of Pakistan का Dr. M. Farooq Arby, र Central Bank of Sri Lanka का Dr. Chandranath Amarasekara ले टिप्पणी प्रस्तुत गर्नुभएको थियो ।

यसै गरी दोस्रो व्यावसायिक सत्रमा सार्क राष्ट्रका केन्द्रीय बैंकका तर्फबाट देशगत प्रस्तुति दिइएको थियो । Maldives Monetary Authority का डेपुटी गभर्नर Ahmed Imad ले अध्यक्षता गर्नुभएको उक्त सत्रमा सहभागी मुलुकहरूका country paper प्रस्तुत भएका थिए ।




कार्यक्रमको तेस्रो व्यावसायिक सत्र प्यानल छलफल रहेको थियो । सो सत्रको अध्यक्षता भारतीय रिजर्व बैंकका कार्यकारी निर्देशक अनिलकुमार शर्माले गर्नुभएको थियो भने

प्यानलिष्टको रुपमा अन्तर्राष्ट्रिय मुद्रा कोषका बरिष्ठ आवासीय प्रतिनिधि लुईस ब्रुअर, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा अर्थ मन्त्रालयका आर्थिक सल्लाहकार डा. प्रकाशकुमार श्रेष्ठ र UNCDF का क्षेत्रीय व्यवस्थापक मारिया परडोमो रहनुभएको थियो ।

सो प्यानल छलफल वित्तीय स्थायित्व र वित्तीय समावेशीताबीचको सम्बन्ध, वर्तमान नयाँ परिस्थितिमा वित्तीय स्थायित्वलाई वित्तीय समावेशीताले सहयोग वा अवरोध के गर्छ र वर्तमान कोभिड-१९ संकटमा वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्न केन्द्रीय बैंकले कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने विषयमा केन्द्रित रहेको थियो ।

कार्यक्रमको समापनका अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले कार्यक्रमको सङ्क्षिप्त समीक्षाका साथ धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो भने नेपाल राष्ट्र बैंकका सार्क फाइनान्स संयोजक तथा का.मु. निर्देशक नारायणप्रसाद पोखरेलले धन्यवाद मन्तव्य राख्नुभएको थियो ।सार्कफाइनान्स वैकल्पिक संयोजक तथा उपनिर्देशक डम्बर सुवेदीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

**२०७७ मंसिर १७, बुधबार ।** **गभर्नरको कार्यालय**